## जातीय समानताको बढावाको निम्ति
## विद्यमान तथा योजनाबद्ध उपायहरु

### अनिवार्य सञ्चय कोष योजना प्राधिकरण

अनिवार्य सञ्चय कोष योजना प्राधिकरण(MPFA)ले अनिवार्य सञ्चय कोष (MPF) योजनाको सदस्यहरूको हितको रक्षा गर्दछ र आम जनता जसमा विविध जातिहरूका मानिसहरू सहितलाई MPF प्रणालीको जानकारी  प्रदान गर्दछ।

जातीय समानताको बढावाको निम्ति र सर्वसाधारणमा, उनीहरूको विभिन्न जातीय पृष्ठभूमिका बाबजुद, सबैमा सेवाहरूको समान पहुँच सुनिश्चित गर्न MPFA द्वारा निम्न उपायहरू लिईएका छन्-

**A. प्रचार, सार्वजनिक शिक्षा र सरोकारवालाको संलग्नता**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • MPFAले विभिन्न प्रचार, शिक्षा र संलग्नता कार्यक्रमहरू मार्फत MPF प्रणालीबारे सर्वसाधारणलाई जानकारी प्रदान गर्दछ। |
| विद्यमान उपायहरू | • MPFA वेबसाइटमा MPFA र MPF प्रणाली बारे जानकारी दुबै चिनियाँ र अंग्रेजीमा उपलब्ध छन्। <br> • शैक्षिक र प्रचार पर्चा/पुस्तिका र अन्य प्रकाशनहरू जस्तै रिपोर्टहरू र फारमहरू चिनियाँ र/वा अंग्रेजीमा प्रकाशित छन्। <br> • "कर्मचारीले MPF बारे के थाहा पाउनु पर्दछ" र "डिफल्ट इन्वेस्मेन्ट स्ट्राटेजी (DIS)" नामक यी दुई पर्चाहरू उर्दु र नेपालीमा तयार गरिएको छ र विविध जातिका सदस्यहरुलाई सामाजिक कल्याण सेवाहरु दिने करीब 30 सान्दर्भिक गैर-सरकारी संस्थाहरू (NGOs) मा वितरण गरिएको छ। <br> • विविध जातिहरूका सदस्यहरूको लागि MPFAको |

प्रतिनिधिहरूद्वारा MPF सम्बन्धी वार्ता गर्नको लागि प्रासंगिक NGOहरूलाई आमन्त्रित गरिएको छ ।

| | |
|---|---|
| लिनु पर्ने थप उपायहरु | • MPFA ले:<br>- विविध जातिहरूका योजना सदस्यहरूलाई MPF अधिकार र खाता व्यवस्थापनमा ध्यान दिनको लागि उपयुक्त भएको खण्डमा विभिन्न भाषाहरूमा पर्चाहरु उत्पादन गर्नेछ;<br>- उपयुक्त क्रियाकलापहरूको माध्यमबाट विविध जातिहरुका MPF योजना सदस्यहरूलाई सहयोगलाई प्रदान गर्नको लागि सम्बन्धित NGOहरुसँग सहकार्य सुदृढ गर्न सम्पर्क जारी राख्न;<br>- विविध जातिहरूका सदस्यहरुलाई MPF सन्देश प्रचार गर्नको लागि प्रासंगिक NGOहरूसँग प्रायोजन कार्यक्रमहरूको अन्वेषण गर्नेछ; र<br>- विभिन्न सरोकारवालाहरूसँग उनीहरूको नेटवर्क मार्फत जनसमुदायलाई MPF बारे जानकारी प्रदान गर्न अन्वेषण गर्नेछ । |

## B. सोधपुछ र उजुरी व्यवस्थापन

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • MPFA ले सर्वसाधारणहरूबाट प्राप्त MPF-सम्बन्धित मामिलामा सोधपुछ र उजुरीहरूको व्यवस्थापन गर्दछ । |
| विद्यमान उपायहरू | • सर्वसाधारणहरुले MPFA सँग सोधपुछ वा उजुरी चिनियाँ वा अंग्रेजीमा गर्न सक्नुहुन्छ ।<br>• यदि भाषा अवरोधका कारण सञ्चारमा समस्या भएमा, दोभाषे सेवाहरूको व्यवस्था गरिनेछ । |

| | | |
|---|---|---|
| लिनु पर्ने थप उपायहरु | • | कर्मचारीहरूका लागि जातीय समानताको मुद्दाहरू प्रति सचेतना र संवेदनशीलतालाई बढाउन तालिमको व्यवस्था गरिनेछ । |

**भावी कार्यको मूल्यांकन**

MPFA कर्मचारीहरु साथै सर्वसाधारणहरूको सुझावलाई ध्यानमा राख्दै MPFAले समय समयमा सुधार ल्याउन सेवाहरुको   गर्नेछ ।

**सोधपुछ**

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरु सम्बन्धी सोधपुछ गर्न, कृपया मिस एलिश ठ्याङ, कर्पोट अफेयर्सको वरिष्ठ प्रबन्धकलाई निम्न माध्यमहरू मार्फत सम्पर्क गर्नुहोस् ।

- हटलाइन : 2918 0102
- फ्याक्स : 2259 8806
- ईमेल : mpfa@mpfa.org.hk

**अनिवार्य सञ्चय कोष योजना प्राधिकरण**
**मे 2023**